# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४ ] काठमाडौं माघ १८ गते २०११ साल [ संख्या २५

## भाग १

## सल्लाहकार सभाको सूचना

६७ ७–१०–०११

सल्लाहकार सभाको पौष २१, २०११ को बैठकमा सल्लाहकार सभाको सदस्य श्री ढुण्डिराज शर्माले पेश गर्नु भएको 'नेपाल नहर बाँध पैन बिल, २०११' सल्लाहकार सभाको कार्य-संचालन तथा कार्यविधिको नियमधारा ८६ अनुसार तल प्रकाशित गरिएको छ।

## नेपाल नहर बाँध पैन बिल

( सल्लाहकार सभा नेपालमा पेश गरिएको )

अर्द्ध-सरकारी नहर समितिहरूको गठन गरी नहर, बाँध, पैन, कुलोको व्यापक व्यवस्थापनको निमित्त प्रस्तुत गरिएको बिल।

सल्लाहकार सभाबाट देहायबमोजिमको ऐन बनाइयोस्:—



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. (१) यो ऐनको नाम–'नेपाल नहर बाँध पैन व्यवस्थापन ऐन,सम्वत् २०११, भन्ने रहेको छ ।

(२) यो ऐन पास भएको मिति देखि लागू हुनेछ।

(३) यो ऐन नेपाल देशभरमा लागू हुनेछ।

२. परिभाषाः—विषय वा प्रसगले अर्को अर्थ नलागेमा यो ऐनमा देहायका शब्द शब्दहरुको अर्थ देहायबमोजिम हुनेछ ।

(१) समितिः—यो शब्दले अर्द्ध सरकारी नहर, बाँध, पैन व्यवस्थापक जिल्ला वा समितिलाई जनाउँछ ।

(२) उपसमितिः—यसै समितिद्वारा गठित शाखा वा उपसमितिलाई जनाउँछ

(३) सदस्यः—यो शब्दले अर्द्धसरकारी नहर, बाँध, पैन व्यवस्थापक जिल्ला समितिका सदस्यहरुलाई जनाउँदछ ।

(४) टैक्सः—यो शब्दले नहर बांध पैन कुलोको स्थायी व्यवस्था नभएसम्म उक्त समितिद्वारा लगाइने अस्थायी करलाई जनाउँछ ।

(५) सर्भे—यो शब्दले नहर, बाँध, पैन, कुलो युवबेल आदि खेतीको विकाशको निमित्त जलव्यवस्था गर्नेलाई गर्नुपर्ने जाँचबुझलाई जनाउँछ ।

(६) इन्जिनीयरः—यो शब्दले नहर इन्जिनीयरलाई र नहर इन्जिनीयर नभएमा नहरसम्बन्धी जानकारी भएका इन्जिनीयरलाई बुझाउँछ ।

(७) टेक्नीशियनः—यो शब्दले नहर इन्जिनीयर, ओभरसियर, मिस्त्रीलगायत नहरका काम आवश्यक विशेषज्ञलाई बुझाउँछ ।

(८) सामानः—यो शब्दले नहर, बाँध, पैन बनाउँन चाहिने लोहा, कर्कट, मशिनरी, सिमन्त, ईंट, पत्थर, कंकड, बालुवा, चुन, सुर्खी लकडी इत्यादि र यी ल्याउन सडक पुल बनाउनुपर्ने ठाउँमा त्यसका निमित्त चाहिने आवश्यक उपकरणलाई जनाउँछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) श्रमदानः—यो शब्दले जनताले सहयोगको भावनाले स्वेच्छाले नहर, बाँध, पैन निर्माणको काममा ज्याला (मजदुरी) नलिई वा पूरा मजदुरी नलिई गरेको कामलाई जनाउँछ ।

१. सरकारी समितिको गठनः— नहर बाँध पैनको व्यवस्था व्यापक र सफल बनाउन एक अर्द्ध सरकारी जिल्ला समितिको गठन सरकारले गर्ने, जसद्वारा यस कामको सन्चालन हुनेछ । यसको रुपरेखा यस प्रकारको हुनेछ।

समितिका सदस्यहरुः— (१) प्रत्येक प्रगन्नाका नहर बाँध पैनको व्यवस्थामा विशेष चाख राख्ने प्रमुख व्यक्ति।

(२) सल्लाहकार सभामा जिल्लाको प्रतिनिधित्व गर्ने सदस्य।

(३) जिल्लाको सरकारी नहर इन्जिनीयर वा ओभरसियर।

(४) जिल्लाका बडाहाकिम वा बडाहाकिमको अनुपस्थितिमा उनका प्रतिनिधि।

(५) जिल्ला मालका हाकिम वा हाकिमको अनुपस्थितिमा उनका प्रतिनिधि।

(६) जिल्ला अमिनी अदालतका हाकिम वा उनका प्रतिनिधि।

(७) जिल्लाको स्थिति र नहर बाँध पैनका बारेमा विशेष जानकार व्यक्ति।

२. समितिका सदस्य संख्याः— यस प्रकारले ११ देखि १५ तक सदस्यहरुको एक समिति गठन गरिनेछ।

३. समितिको कार्य-पद्धतिः— यसमा लेखिएका बाहेक समितिले अरू कार्य-पद्धति र नियम आफ बनाउनेछ र पदाधिकारीहरू आफ चुनिनेछ।

४. सेक्रेटरी स्थायी हुनु र त्यस्ता व्यक्तिले आर्थिक सहायता पाउनु उपयोगी र आवश्यक पनि छ। यसको निर्णो समितिले गर्नेछ।

५. समितिको बैठकः— समितिको बैठक कमसे कम वर्षमा ३ पटक गर्नु अनिवार्य हुनेछ। आवश्यक सम्झिएमा जैलेपुकै सभापति र सेक्रेटरीका रायले बैठक बोलाउन सकिन्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. गैर सरकारी सदस्यको स्थान रिक्त हुने [illegible] — अनिवार्य कारणको सूचना नदिई यस्तो बैठकमा लगातार २ पटक अनुपस्थित रहने गैर सरकारी सदस्यको स्थान रिक्त संझिनेछ।

७. बहुमत हुने उपस्थितिको संख्यालाई (अर्थात् आधाभन्दा बढी) कोरम मानिनेछ।

८. सरकारी सदस्यको अनुपस्थितिमा:— सरकारी सदस्यले आफू उपस्थित हुन नपाउने अनिवार्य कारण परेमा प्रतिनिधि पठाई बैठकको काम हर्जा गराएमा उपस्थित सदस्यहरूले यस कुराको रिपोर्ट ताल्लुक अड्डामा गर्नेछन्।

९. जवाफ र निकाशा दिने म्याद:— निकाशा चाहिएको समितिको रिपोर्टमा माथिका विभागीय अड्डाले जवाफ दिन १५ दिन र निकाशा दिन ३५ दिन-भन्दा बढी ढिलो गर्नेछैन।

१०. समितिको लेखापढी काज सरकारीको रूपमा चल्नेछ।

११. समितिको खर्च गर्ने अधिकार:— नहर बाँध पैनका निमित्त जिल्ला मालमा अघिदेखि जम्मा रहेको र सरकारले यस विभागलाई प्रतिवर्ष दिने रकम-लगायत सबै यसै समितिका तजवीजबाट खर्च हुनेछ।

१२. कुमारीचोक बुझाउनु नपर्ने:— ठाडो आमदानी खर्चको हिसाबबाहेक समितिले कुमारीचोक बुझाउनेछैन।

१३. यस कामका निमित्त जिल्लामा भर्ना भई रहेका सरकारी कर्मचारीहरू यसै समितिको मातहत रही काम गर्नेछन्। यस्ता सरकारी कर्मचारीहरू रहने-छन् वा अल्पसंख्यामा रहेछन् वा अयोग्य रहेछन् भने तिनीहरूलाई बदली तब लेखिएबमोजिमको कर्मचारीहरू समितिले नियुक्त गर्नेछ।

(१) मासिक रु ८०। पाउने तहवीलदार

(२) मासिक रु ६०। पाउने हेड क्लर्क

(३) मासिक रु ५०। पाउने क्लर्क


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) मासिक रु ३० । का दरले पाउने पिउन दुइ

(५) मासिक रु ३५ । का दरले पाउने सिपाही पाँच

(६) मासिक रु ३० । पाउने टहलुवा एक

१४. सदस्यलाई बाटोखर्च र भत्ता:— बैठकमा सामेल भएका दिन १ को रु १ । का दरले बाटोखर्च र प्रति बैठकको प्रत्येक सदस्यले रु १०। दश-का दरले प्रचलित मुद्रामा भत्ता पाउनेछन् ।

१५. बैठकको विस्तार भएमा:— तोकिएकै दिन निर्णय हुन नसकी बैठक २ वा ३ दिनसम्म चल्दै रह्यो भने बढी दिनको सोही दरले भत्ता पाउने-छन् । एक बैठकमा ३ दिनभन्दा बढीको भत्ता पाउनेछैनन् ।

१६. समितिलाई मसलन्द फर्निचर:— मसलन्द खर्च फर्निचर सामानका निमित्त समितिले वर्ष एकमा ५००। पाँचशय रुपैयाँसम्म खर्च गर्न सक्नेछ ।

१७. निम्नलिखित स्थायी सामान समितिलाई थप दिइनेछ ।

(१) लोहाको सेफ एक

(२) साइकल वा घोडा एक

(३) रक्षाको निमित्त बन्दूक र ५० पचास टोटा

१८. समितिको कर्तव्य र अधिकार:—जिल्लाका नदीहरूमध्ये लघुयोजनाभित्र पर्नसक्ने सबै नदीहरूमा कहाँ कुन नकु ठाउँमा नहर,बाँध, पैन गर्दा के कति जग्गा पाट्छ, नहर बाँध न गर्ने के कति खर्च लाग्छ;नदीहरू सर्भे गराई योज-ना बनाई राख्नेछ ।

१९. नहर बाँध पैन हुनै नसक्ने कुलो नलाग्ने ठाउँमा ट्युबेल इत्यादि ठाउँ-अनुसार योजनाको तजबीज गर्नेछ ।

२०. कुन योजनालाई प्राथमिकता दिने:—ती सर्भे र सनत इष्टमेट भएका यो-जनाहरूमध्ये प्राथमिकता कसलाई दिने र त्यसपछि अर्को कुन ठाउँमा का-म बाँड्ने निर्णय समितिले गर्नेछ। पानीको अभाव वा कमीले उग्रन लागेका मौजाहरूमा विशेष ध्यान दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. जनताबाट आर्थिक सहायता र श्रमदानः— यस्ता काममा जनताबाट कति आर्थिक र श्रमदानको सहायता प्राप्त हुन सक्छ, जनताको स्वीकृति-को निश्चित आँकडा लिराउनेछ ।

२२. ५ वर्षलाई जिल्लामालका आयबाट निश्चित रकम छुट्याउनेः— नहर, बाँध, पैनको राम्रो व्यवस्था नभएसम्म अरू विभागबाट कटौति गर्नुपर्छ भने पनि गरेर ५ वर्षलाई जिल्लामालका आयको चतुर्थांश वा यस काम-लाई पुग्ने निश्चित रकम यस कामका निमित्त छुट्याई राखिनेछ ।

२३. विगहट्टी वा टैक्स लगाउने अधिकारः— सरकारबाट प्राप्त र चन्दाबाट आएको आमदानीले नपुग्ने भएमा नहर, बाँध, पैन तैयार भ जग्गा पाट्ने नभएसम्मलाई समितिले जनताको हैसियत र अवस्था विचार गरी फसल तयार हुने टायममा विगहट्टी वा टैक्स लगाउन सक्नेछ ।

२४. आफ्नु देशको आयले नपुगे मित्रराष्ट्रसँग ऋण लिनेः— आफ्नु देशको आय र परराष्ट्रद्वारा प्राप्त विभिन्न योजनाका अन्तर्गत आर्थिक सहायताले नपुग्ने भएमा मित्रराष्ट्रसँग निर्व्याजी वा स्वल्पव्याजी ऋण १५ वर्षमा किस्तावन्दी दिने गरी सो नहर, बाँध, पैनको राम्रो व्यवस्था भएपछि पानी पोत लगाई जनताबाट उठाई तिर्ने गरी सरकारले ऋण लिएर पनि यो काम सफल गराउन पर्दछ । यो उस्थापक रूपले कुनै अवस्थामा पनि सरकारलाई घाटा लाग्नेछैन ।

२५. चाहिने सामान विदेशबाट झिकाउनेः—पक्का, नहर, बध पैनलाई चाहिने सिमेन्ट, लोहा, कर्कट, रोगन, मशिनरी आदि सामान समितिका सिफारिशमा तुरुन्त आउने काम हर्जा हुन नपाउने गरी विदेशबाट आउने अघिबाटै निश्चित व्यवस्था सरकारले गर्नेछ ।

२६. चाहिने लकडी पाउने प्रबन्ध गर्नेः— यस कामलाई चाहिएका साँखु र अरू जातको लकडीसमेत नजिक जंगलबाट समितिका सिफारिशमा तुरुन्त बेदाममा हर्जा नहुने गरी पाउने प्रबन्ध सरकारले गर्नेछ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२७ समितिले खर्च गर्नपाउने रुपैयाँ  समितिको निर्णयअनुसार अधिकारी व्यक्ति मार्फत चाहिएका बखत पटक पटक गरी झिक्न पाउने गरी जिल्लामाल वा अरू पाही पर्ने सरकारी अड्डा वा बैंक भए बैंकमा जम्मा राखिनेछ।

२८. काम जाँच गर्नेः— समितिको काम जाँच गर्ने अधिकार भएका व्यक्तिले ३ दिनको पूर्वसूचना दी जाँच गर्न सक्नेछ र जाँच गरेको निस्सा किताबमा लेखी हस्ताक्षर गर्नेछ।

२९. आय व्ययको मासिकजाँचः— महिना महिनोको आय व्यय महिना पुगेका दश दिनभित्र जिल्लामालले जाँची निस्सा दिनेछ।

३०. वर्षान्तमा वार्षिक रिपोर्ट प्रस्तुत गरी समितिले गोस्वारामार्फत विभागीय केन्द्रीय सरकारमा पठाउनेछ।

३१. एकसालको निकाशाले अर्को साल खर्च गर्न हुनेः— जुन सालको निमित्त निकाशा भएको रुपैयाँ हो, उसै सालमा खर्च गरिसक्नुपर्छ। कुनै कारण परी निकाशा भएको सालमा खर्च हुन नसकी बाँकी रहन गएमा बनिसकेका योजना र समितिको निर्णयले खर्च हुने हुनाले त्यो निकाशा भएको रुपैयाँ अर्को सालमा खर्च गर्न अर्को निकाशा लिरहनुपर्नेछैन।

३२. निकाशाभन्दा घटी वा बढी खर्च गर्नुपरेमाः— निकाशा भएको भन्दा थोर खर्चले पुगी केही बचत हुन आएमा सो बचत रुपैयाँ समितिको निर्णयअनुसार अरू काममा खर्च हुनेछ। निकाशा भएकोले नपुग थप खर्च गर्नुपर्ने हुन आएमा पनि समितिले पुनः निर्णय दिएबमोजिम गरिनेछ।

३३. नहरमा परेको जग्गाको सट्टा वा क्षतिपूर्ति गर्नेः— नहर बाँध पैन बनाउँदा पर्ने रैतीको जग्गाको सट्टा जग्गा वा जग्गावालाको अवस्था, जग्गाको हैसियतलगायत सबै कुराको विचार गरी प्रतिपूर्ति गर्नुपर्ने ठहरेकोमा त्यस मौजामा सरकारी उब्जानी पर्ती जग्गा वा रैतीले छाडी वा अपुताली परी जमिन्दारी तालुक हुन आएको जग्गाबाट बराबर वा केही बढाई वा घटाई वा सट्टा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिने जग्गा नमिलेमा नपदी सहायता जग्गावालालाई पीर नपर्ने गरी दिन को- बले नपुग्ने देखिएमा त्यस नहर, बाँध, पैनले जग्गाबाट नै मौजाका जनताबाट दामासाहीले उठाई त्यसबाट नपुग हुन आए समितिका कोषबाट थपिदिने दि- लाउने वा अरु कुनै नयाँ प्रबन्ध गर्न सरकारमा समितिले सिफारिश गर्नेछ। यहाँ दामासाही शब्दको अर्थ जग्गा धेरै हुने, जग्गा धेरै पाउनेलाई विशेष बढी र जग्गा कम हुनेलाई कम र हैसियत नभकालाई नलाग्ने अर्थमा लिइएको छ।

३४. समितिसम्बन्धी झगडा अमिनी अदालत नजाने, अपील गर्न पाउने:— यस समितिसम्बन्धी कुनै झगडा समितिको निर्णयले बाहेक अमिनी अदालतमा जानेछैन, समितिले नै निर्णय गर्नेछ।

३५. जग्गा झिक्ने रैतीले चित्त नबुझे समितिको निर्णयको ३५ दिनभित्रै सो निर्णयउपर अपील अड्डामा अपील दिन पाउँछ। यस्तो अपील फैसला अपील अड्डाले म्यादभित्रैमा सकेसम्म चाँडो छिन्नुपर्छ।

३६. अपील परे पनि काम नरोकिने:— अपील पर्‍यो भन्दैमा समितिको काम रोकिनेछैन।

३७. यो कानूनको १।१ प्रति सम्बन्धित प्रत्येक विभाग र व्यक्तिहरूलाई दिइनेछ।

३८. जनताको सहयोग दानमा समितिको कर्तव्य: — पानीको अभावले सा- पीर परिरहेको मौजामा जनता वा जनताका प्रतिनिधिले हामी यति श्रमदान र आर्थिक सहायता दिन्छौं, हाम्रो पहुँचबाहिरको मौलिक, आर्थिक, सामान लकडी, लोहा, सिमेन्ट, मशिनरी र टेक्निसियनको सहायता सरकारले यी लघु योजनाभित्र आउने साना साना नहर, बाँध, पैन कुलो आदिको व्यवस्था गरी पाऊँ भन्ने दरखास्त दिएमा स्थानीय व्यक्तिहरूको एक प्रवर समितिको गठन गरी दुइहजार रुपैयाँसम्मको आर्थिक सहायता दिए पुग्ने कच्चा बाँध ३ महिनाभित्र जनताको सहयोग ली बनाउन थाल्ने र तत्काल नभ्याउने वा खर्चले नपुग्ने भएमा क्रमवश प्रतिशील सूचि खडा गरी पाबै-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सँग बनाउन थाल्नुपर्छ। पक्का नहर, बाँध र दुइहजार रुपैयाँभन्दा बढी
खर्च चाहिनैमा दरखास्त परेका एक वर्षभित्र परिस्थिति विचार गरी बना-
उन थाल्ने प्रबन्ध गर्नुपर्छ।

३९. नहर, बाँध, पैनको व्यवस्था भइसकेपछि समितिको कर्तव्यः—यसरी क्रमै-
सँग गर्दै जाँदा जिल्लाभरमा नहर, बाँध, पैनको व्यवस्था भइसकेपछि यस
समितिले त्यसको संरक्षण, परिवर्तन र सुधारको काम गर्नेछ र कृषि—विशे-
षज्ञ झिकाई बीज, खाद्य, समुन्नत कृषि—प्रणाली इत्यादि र यातायातको
विकासतर्फ प्रयत्नशील हुनेछ।

४०. आवश्यक सडक निर्माणः— नहर, बाँध, पैनको व्यवस्थालाई आवश्यक
भएको सडकहरूको निर्माणको प्रबन्ध समितिले आफ्नु निर्णयअनुसार गर्नेछ।

४१. योजनाहरुमा आंशिक थपघट गर्ने अधिकार पानी पोत लगाउने·—योजना-
हरूको कुनै अंश मुनासीब कारणबाट समितिले थपघट गर्नुपर्ने ठहराएमा गर्न
सक्नेछ।

४२. पानीपोत लगाउनेः— बाँध, पैन कुलोद्वारा जग्गा पाटेपछि समितिले
सबै कुराको विचार गरी पानीपोत लगाउनेछ।

## उद्देश्य र कारणहरूको विवरण

कुनै पनि राष्ट्रको प्राण अन्न जलमा जीवित रहन्छ। यसको अभाव वा कमी
न प्रायः सकल असन्तोष, अशान्ति, उपद्रव र बिघ्न बाधाको मूल कारण हो। खास
गरेर हाम्रो कृषि—प्रधान देशमा यसको सुव्यवस्थामा नै देशको उन्नति आधारित छ।
जलको सुव्यवस्थाविना उत्पादन बढ्न सम्भव छैन, जनसंख्याको निरन्तर वृद्धि र
खाद्यान्नको अन्नको उत्पादनको ह्रास हुँदै जानु एक घातक लक्षण हो। कई एक
वर्षमा जिल्लाका एक कुनामा एउटा सानु नहर बनाउन थालेर मात्र यो समस्या हल
हुँने सम्भव छैन। खासमै यसको स्थायी हलको उपाय सोची यसलाई प्राथमिकता
र व्यापकता दी सफल गराउन पूर्णतया सहयोग दिनु प्रत्येक नागरिकको कर्तव्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हो। बेकारी भरिबी, जो देशका एक महान् समस्या छ, यसै द्वारा हल भै शोषित पीडित, बहुसंख्यक मानवको उद्धार हुन सक्छ। यसै निमित्त यस व्यापक व्यवस्थाको अत्यावश्यकता हुन आएकोले सभाको समक्ष यो बिल पेश गरिएको छ।

लि –
कुलशेखर शर्मा,
सेक्रेटरी—सल्लाहकार सचिबालय.

## नेपाल नहरबाँध ऐन व्यवस्थपाक विधेयक. २०११ को आर्थिक टिप्पणी

यो विधेयक पास भएका हालमा जिल्लाको नैसर्गिकस्थिति, नदीहरूको अवस्था, जनसंख्या र जिल्लाको आय हेरी विशेषज्ञ नहर इन्जिनीयरहरूले नजाचो निश्चित अंक निर्धारण हुन नसक्ने भए पनि यस विधेयकका विभिन्न धाराअनुसार हुन आउने देशभरको आनुमानिक खर्चको आँकडा तल लेखिएअनुसार छ:—

जसमा चाहिने खर्च रु. नब्बेलाख ——————— ९००००००

व्यवस्थापनको निमित्त तीनलाख ३०००००

इन्जिनीयर ओभरसियरहरूका
निमित्त सातलाख— ७०००००

माल सामान मसिनरीका निमित्त
चालीसलाख — — ४००००००

श्रमका निमित्त तीसलाख — ३००००००

फुटकर दसलाख —— १००००००

कुल ९०,०००००। नब्बेलाख मात्र

विधेयकमा लेखिएबमोजिम व्यवस्था भई यति खर्च भएमा देशका नाङ्गा भोका जनता धेरैले काम पाई पालिन्छन्। साथै देशको खाद्यान्नसमस्या हल भई देशको कायापलट हुन्छ।

२८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।